श्री उच्च अदालत जनकपुर

श्री

उच्च अदालत जनकपुर

अस्थायी इजलास वीरगन्ज

संयुक्त इजलास

माननीय न्यायाधीश श्री हरिप्रसाद पौडेल

माननीय न्यायाधीश श्री हरिराज कार्की

**आदेश**

मुद्दा नं.-०८२-WO-००६१

रजिष्ट्रेशन नं.-९८-०८१-००१७३

इजलास नं.२ को निर्णय नं.१५१

**मुद्दाः- परमादेश।**

जिल्ला पर्सा वीरगन्ज म.न.पा. वडा नं.६ घर भई हाल वीरगन्ज म.न.पा. वडा नं.१० स्थित हरि खेतान माध्यमिक विद्यालयको निमित्त प्रधानाध्यापकको जिम्मेवारी प्राप्त वर्ष ६६ को अन्जली कुमारी श्रेष्ठ..........१ } निवेदक

**विरुद्ध**

जिल्ला पर्सा वीरगन्ज म.न.पा. वडा नं.१० स्थित त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन प्राप्त हरि खेतान वहुमुखी क्याम्पस..........१

ऐ.ऐ. क्याम्पसका निमित्त क्याम्पस प्रमुख किशोरी राय..........१

जिल्ला पर्सा वीरगन्ज म.न.पा. वड़ा नं.१० स्थित हरि खेतान माध्यमिक विद्यालय...१

जिल्ला पर्सा वीरगन्ज म.न.पा. वड़ा नं.१० स्थित हरि खेतान माध्यमिक विद्यालय संचालक समितिका अध्यक्ष ल.पु.जि. ल.पु.म.न.पा. वा नं.२ वस्ने प्रेम प्रकाश खेतान..........१

त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद किर्तिपुर काठमाण्डौं..........१

उपकुलपति त्रिभुवन विश्वविद्यालयका, किर्तिपुर काठमाण्डौं..........१

राजिष्ट्रार त्रिभुवन विश्वविद्यालयका किर्तिपुर काठमाण्डौं..........१

त्रिभुवन विश्वविद्यालय किर्तिपुर काठमाण्डौं..........१ } विपक्षी

नेपालको संविधानको धारा १४४ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) समेत अनुसारयसै अदालतको अधिकारक्षेत्र भित्रको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः-

## तथ्य खण्ड

१. नेपालको संविधानको धारा १७ तथा मुलुकी देवानी संहिता, २०७४ को दफा २० ले नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने, स्वतन्त्रता सुरक्षित गरेको छ। साथै नेपालको संविधानको धारा ३३ ले रोजगारीको हक समेत सुरक्षीत गरेको छ। म निवेदकको माग अनुसारको योग्यता रहेकोले मिति २०८२/०२/०१ गते बिपक्षी हरि खेतान माध्यामिक विद्यालयको व्यवस्थापन समितिका अध्यक्षले अर्को व्यवस्था नहुदासम्म स्कूलको निमित्त प्रध्यानाध्यापक पदमा रही कार्य गर्न नियुक्त गरेका थिए। उक्त नियुक्ति पश्चात म निवेदक विपक्षी विद्यालयमा शिक्षा ऐन तथा नियमावलिले तोकिएको जिम्मेवारी पुरा गर्न विद्यालय रहेको स्थानमा जादा बिपक्षी क्याम्पसका प्रिन्सिपल तथा कर्मचारीहरु साथै बिपक्षी क्याम्पस प्रमुख स्वमले विद्यालयमा प्रवेश गर्न र हाजिर हुनबाट समेत रोकी निवेदकलाई तोकिएको जिम्मेवारी पुरा गर्न समेत नदिएको कारण संविधान को धारा १६ तथा १७ द्वारा प्रदत्त मेरो रोजगार सम्बन्धी हकमा गम्भीर आघात पुग्ने अवस्था सिर्जना भएको छ। हरि खेतान माध्यमिक विद्यालय शिक्षा ऐन, २०२८ को दफा २ (घ३) बमोजिम संस्थागत विद्यालयको रुपमा स्थापित बिद्यालय हो। शिक्षा ऐन, २०२८ को दफा १२ (४)(क) बमोजिम मनोनित विद्यालय ब्यबस्थापन समितिका अध्यक्षले म निवेदकलाई कानुन बमोजिम योग्यता पुगेके कारणले अर्को व्यवस्था नहुदासम्मका लागी मिति २०८२/०२/०१ देखि लागु हुने गरी निमित्त प्रधानाध्यापक मा नियुक्त गरे पश्चात म निवेदक नियुक्ति पत्र सहित विद्यालयमा गएको थिए। अधिकार प्राप्त व्यक्तिबाट नियुक्ति प्राप्त गरेपश्चात आफुलाई तोकिएको जिम्मेवारी पुरा गर्ने उदेश्यले विद्यालयमा प्रवेश गर्नलाग्दा विपक्षी विद्यालयको नामबाट क्याम्पसका क्याम्पस प्रमुख किशोरी राय तथा कार्यरत कर्मचारीहरुले मलाई प्रवेश गर्न रोक लगाई निवेदकलाई अधिकारप्राप्त कार्य गर्नबाट समेत बन्चित गरेका छन्। यसरी पटक पटक रोक लगाए पश्चात निवेदकलाई नियुक्ति दिनुहुने विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई जानकारी गराउदा क्याम्पसले रोक लगाउन मिल्दैन मैले कुरा गरी सकेको छु अब तपाई आफ्नो कार्य गर्न पाउनु हुन्छ भनि आश्वासन दिए पश्चात पुनः विद्यालय जादा फेरी पनि प्रबेशमा रोक लगाई निवेदकलाई कुनै पनि हालतमा प्रवेश गर्न र कुनै कार्य समेत गर्न नदिने भनि विद्यालयको गेटमा सबै कर्मचारी जम्मा भई प्रवेशमा रोक लगाएको हुदा नेपालको संबिधान, २०७२ को धारा १७ (२) च तथा ३३ ले सुरक्षित गरेको रोजगारीको हक समेतमा आघात पुग्न गएकोले म रिट निवेदकलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्षले नियुक्ति दिएपनि के कती कारणले विद्यालय प्रवेशमा रोक लगाइएको हो भनि बुझ्न खोज्दा विद्यालय रहेको भवनमा हालसम्म त्रि.वि. बाट सम्बन्धन प्राप्त हरि खेतान बहुमुखी क्याम्पस सञ्चालनमा रहेको र स्कुलमा अध्ययनरत विद्यार्थीबाट प्राप्त आम्दानी क्याम्पसका क्याम्पस प्रमुख र कर्मचारीले संचालन गरि आएको र निवेदकलाइ कामकाज गर्न दिए सो रकम परिचालन गर्ने अधिकार खोसिने अवस्था देखेर निवेदकलाई प्रवेशमा रोक लगाएको भन्ने जानकारी प्राप्त गरे पश्चात स्कुल भवनमा क्याम्पस सञ्चालन गर्न शिक्षा ऐन, नियमावली तथा त्रिभुवन विश्वविद्यालय संगठन तथा स्कूलको शैक्षिक प्रशासन सम्बन्धी नियम २०५०, सम्बन्धन सम्बन्धी विनियम २०७३ बमोजिम स्कूलको अनुमति बिना क्याम्पस संचालन गर्न मिल्दैन संस्थागत विद्यालयको संचालन शिक्षा ऐन, २०२८

र स्थानीय निकाय संचालन ऐन अन्तर्गत समेत पर्ने हुदा क्याम्पसके कर्मचारी र क्याम्पस प्रमुख एकै व्यक्ति ले बिद्यालय भित्रै क्याम्पस संचालन गर्नु कानुन बिपरित कार्य हो। यसरी कानुन बिपरित कार्य गर्ने क्याम्पसले कानुन बमोजिम नियुक्ती प्राप्त गरी बिद्यालय संचालनको जिम्मेवारी सहित स्कूलमा जादा समेत रोक लगाउने कार्य गैरकानुनी समेत छ। यसरी गैरकानुनी कार्यमा संलग्न क्याम्पस प्रमुख एंव कर्मचारीलाई कुनै कारवाही नगरी विद्यालयमा क्याम्पस संचालन गर्न दिइनु र कानुन बिपरित क्याम्पस संचालन भैरहदा समेत मौन बसी मुकदर्शक बन्नु त्रिभुवन विश्वविध्यालयको कार्य समेत शंकास्पद र बदनियतपूर्ण रहेको छ। विद्यालयको आम्दानी र खर्चमा क्यम्पसका क्यम्पस प्रमुख, शिक्षक एवं कर्मचारीको संलग्नताको शिक्षा ऐन तथा नियमावलीले वंचित गरेको छ भने क्याम्पस प्रमुख र विद्यालयको प्रधानाध्यापक एउटै व्यक्ति हुने कार्यलाई त्रि.वि. ऐन, २०४९ त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० को नियम १८५ शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ र त्रि. वि. सम्बन्धन सम्बन्धी विनियम २०७३ ले बंचित गरेको छ। यसरी मेरो रोजगार तथा श्रम सम्वन्धी हकको समेत हनन भएको र नियुक्त मात्र दिई कार्य गर्न नदिनु स्वतन्त्रताको र रोजगारीको हक समेत हनन हुन गएको हुँदा विपक्षीहरुको कार्य संविधान, शिक्षा ऐन, २०२८, नियमावली २०५९, त्रि.वि. ऐन, २०४९, नियम बिपरित रहेको छ। म निवेदक प्रधानाध्यापक नियुक्ति भई पदिय हैसियतले गर्ने काम कार्वाही गर्न विद्यालयमा जादा प्रवेशमै बिपक्षी किशोरी रायले रोक लगाउने कार्य संविधान को धारा १७ र धारा ३३ र शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ को नियम ९४ वमोजिम को काम कर्तव्य र अधिकार गर्न पाउने अधिकार मा बन्देज लगाएको जस्ले गर्दा मैले पाउने सेवा सुविधा बाट बन्चित भएको हुँदा निवेदकलाई तत्काल हाजिर गराउनु भनि साथै विपक्षी विद्यालय सन्चालक समितिको अध्यक्ष लगायतका बिपक्षीहरुको नाममा अन्तरिम आदेश सहितको निषेधाज्ञाको आदेश जारी गरी पाउँ भन्ने समेत बेहोराको रिट निवेदन पत्र।

२. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने कुनै आधार र कारण भए प्रमाण सहित म्याद सूचना तामेल भएको मितिले बाटाको म्याद बाहेक पन्ध्र(१५) दिन भित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नू भनी विपक्षीहरुको नाममा यो आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी म्याद सूचना जारी गरी म्याद भित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछी नियमानुसार गरी पेश गर्नु। निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा बिचार गर्दा, विषय वस्तुको प्रकृति समेतबाट दुवै पक्षको कुरा सुनी अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा निर्णयमा पुग्न उचित हुने देखिंदा अन्तरिम आदेश छलफलको निमित्त मिति २०८२/०४/२६ को छलफल पेसी तोकी सोको जानकारी विपक्षीलाई दिनू। निवेदकलाई निवेदक कार्यरत बिद्यालयमा निमित्त प्रधानाध्यापक भई कामकाज गर्न भनी बिद्यालय व्यवस्थापन समितिको अध्यक्षको हस्ताक्षरबाट मिति २०८२/०२/०१ मा पत्र दिएको देखिएको र उक्त पत्र अनुरुप बिद्यालयमा प्रधानाध्यापकको हैसियतमा कामकाज गर्न त्रिभुवन विश्वबिद्यालय अन्तर्गतको हरिखेतान बहुमुखी क्याम्पसका निमित्त क्याम्पस प्रमुख समेतका विपक्षीहरुले अवरोध गरेको भन्नेह समेतको निवेदन बेहोरा देखीन आएकोले सुविधा सन्तुलन समेतको दृष्टिकोणबाट अन्तरिम

आदेश छलफल निमित्त तोकिएको उपरोक्त अवधिसम्मको लागि यी निवेदकलाई हरि खेतान माध्यमिक बिद्यालयको निमित्त प्रधानाध्यापकको हैसियतमा उपस्थित हुन, कामकाज गर्न, गराउन, बिद्यालय भित्र प्रवेश गर्न समेतमा रोक्ने गरी कुनै बाधा अवरोध नगर्नू नगराउनू भनी विपक्षीहरुको नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१)(क) अनुसार अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गर्नू भन्नेर समेत बेहोराको यस अदालतबाट मिति २०८२/०४/१९ मा भएको आदेश।

३. त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरु त्रि.वि. ऐन, २०४९ को दफा ६ को खण्ड (क) बमोजिम विश्वविद्यालयको संगठनात्मक संरचनाभित्र पर्दछन। त्रिभुवन विश्वविद्यालयको संगठनात्मक संरचना भित्र पर्ने भएकोले सम्बन्धन प्राप्त कलेजले त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रम, विद्यार्थी भर्नाको लागि आवश्यक न्यूनतम योग्यता, भर्ना भइसकेका विद्यार्थीको परीक्षा, मूल्याङ्कन र प्रमाणपत्र विश्वविद्यालयबाट जारी गरिने हुँदा विश्वविद्यालयले तोकेको कार्यक्रम भन्दा वाहिर गई कुनै पनि शैक्षिक गतिविधि सन्चालन गर्न सम्बन्धन प्राप्त क्याम्पसले पाउँदैनन। सम्बन्धन प्राप्त क्याम्पसहरुको सम्बन्धमा त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० से परिच्छेद ८७ र ८८ मा स्पष्ट रुपमा उल्लेख रहेकोछ। नियम ३८२ मा कार्यकारी परिषदले जुनसुकै समयमा सम्बन्धन प्राप्त क्याम्पसको निरीक्षण गर्न गराउन सक्ने, सम्बन्धित अध्ययन संस्थान वा संकायका विभिन्न तहका विभिन्न शैक्षिक कार्यक्रमहरु र अन्य कार्यक्रमहरु विश्वविद्यालयबाट स्वीकृत परिधिभित्र रही स्वीकत तरिकामा सञ्चालन गर्न, विश्वविद्यालयबाट तोकिएको सर्तहरु पुरा गर्नु र केन्द्रीय कार्यालय, अध्ययन संस्थान वा संकाय तथा विश्वविद्यालयको अन्य संगठनको निर्देशन पालन गर्नु सम्बन्धन प्राप्त क्याम्पसको काम कर्तव्य हुने भनी नियम २१ मा व्यवस्था रहेको छ। त्यसैगरी त्रि.वि.बाट सम्बन्धन प्राप्त कलेजहरुको सम्बन्धमा त्रि.वि. कार्यकारी परिषदले सम्बन्धन सम्बन्धी विनियम, २०७३ मा सम्बन्धन प्राप्त कलेजहरुले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा ऐन, २०२८ बमोजिम प्राथमिक शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षा सामुदायिक वा संस्थागत विद्यालय रहेको भवनमा विश्वविद्यालयको कुनै पनि शैक्षिक कार्यक्रम संचालन गर्न पाउने व्यवस्था छैन। निवेदकले विपक्षी बनाएको हरि खेतान कलेजलाई विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम सो कलेज सामुदायिक कलेज हो। यस कलेजमा कानून संकाय व्यवस्थापन र शिक्षा कार्यक्रम संचालनमा रहेको हुँदा क्याम्पस संचालनको नाममा पेश गरी त्रि.वि.वि कार्यकारी परिषदबाट २०८०/०६/१९ को निर्णय अनुसार शैक्षिक कार्यक्रम संचालन गर्ने भन्ने कुनै व्यवस्था छैन। क्याम्पसको प्रशासनिक र आर्थिक जिम्मेवारी लिई पुरा समय काम गर्नको लागि क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखको व्यवस्था भएको हुँदा क्याम्पसको क्याम्पस प्रमुख विद्यालयको प्रांधानाध्यापक हुन समेत नमिल्ने भएको स्थितिमा यस कार्यालयलाई विपक्षी बनाई दायर गराएको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी त्रिभुवन विश्वबिद्यालय, ऐ. को. उपकुलपति, ऐ. को. कार्यकारि परिषद र ऐ. को.रजिष्ट्रारको लिखित जवाफ।

४. विपक्षी निवेदकले हरि खेतान माध्यमिक विधालयको व्यवस्थापन समितीको विधान बमोजिमको नियुक्तीको आधारमा प्रस्तुत निवेदन दिईएको छ जवकी नेपालको संविधानको धारा १४४ वमोजिम रिट क्षेत्रमा प्रवेश गर्न संविधान वा कानून प्रदत अधिकार बमोजिम नियुक्त भएको हुनुपर्छ। नेपाल कानून व्याख्या सम्बन्धी ऐन २०१० को दफा २(ङ) मा नेपाल कानून भन्नाले नेपाल ऐन वा नेपालको कुनै भागमा कानून सरह लागु हुने ऐन, नियम आदेश वा उपनियम सम्झनुपर्छ उल्लेख भएबाट हरि खेतान माध्यमिक विधालयले विधायीकाबाट निर्मित ऐन वा ऐनले प्रत्यायोजन गरेको अधिकार प्रयोग गरी निर्मित विधान बमोजिमको नियुक्तपत्र नहुदा विपक्षीको कानूनी हकहरण भएको भन्न कदापी मिल्दैन। त्रिभुवन विश्वविधालय सम्बन्धमा विनियम २०७३ को नियम १७ को वर्गिकरण वमोजिम यस हरि खेतान बहुमुखी क्याम्पस त्रिभुवन विश्वविधालयबाट सम्वन्धन प्राप्त सामुदायिक क्याम्पस हो। सोही विनियमको नियम ३५ वमोजिम यस क्याम्पसले विधान तर्जुमा गरी त्रि.वि.वि. बाट स्विकृत गराई हरि खेतान बहुमुखी क्याम्पस संचालन भई आएकोमा यस क्याम्पस संचालन गर्न एउटा संचालक समिति रहेको छ र संचालक समितिको अध्यक्ष प्रेम प्रकाश खेतान भई यस क्याम्पसको विधानको दफा ५२ तथा ५३ वमोजिम यस क्याम्पसले सम्वद्ध निकायमा सामुदायिक विधालय संचालन गर्न आवेदन दर्ता गरी क्याम्पसले विद्यालय सांचालन गर्न अनुमती प्राप्त गरी सामुदायिक रुपमा हरी खेतान माध्यमिक विद्यालय संचालन गरि आएको छ। प्रेम प्रकाश खेतानलाई हरि खेतान माध्यमिक बिद्यालयबाट मिति २०८२/०१/१० मा प.स.०८१/०८२ च.नं.२०५ मा व्यवस्थापन समितिका अध्यक्ष मनोनित गर्न वीरगन्ज महानगरपालिकालाई पत्राचार नगरी शैक्षिक प्रशासन महाशाखा वीरगन्ज म.न.पा. लाई IEMIS प्रणाली डाटा वेसमा विद्यार्थीको विवरण संशोधित गरिदिन उक्त पत्राचार गरिएकोमा उक्त पत्रबाट आफैले आफुलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष मनोनित गर्न वीरगन्ज म.न.पा. को कार्यालयमा सो पत्रदर्ता गरी सोही पत्रको आधारमा बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष भई मिति २०८२/०२/०१ मा अंजली कुमारी श्रेष्ठलाई कथित निमित्त प्रधानाध्यापकको नाउँको नियुक्तिपत्र दिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको हरि खेतान बहुमुखी क्याम्पस र ऐ.का. प्रमुखको लिखित जवाफ।

५. हरि खेतान माध्यमिक विद्यालय शिक्षा ऐन, २०२८ को दफा २ (घ३) अनुसारको नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय हो र हालसम्म यो विद्यालयको र हरि खेतान बहुमुखी क्याम्पसको श्रोतमा एकै स्थान र क्याम्पसकै कर्मचारीहरु र क्याम्पसकै संचालक समितिबाट संचालित रहेको र सो कार्य त्रिभुवन विश्वविद्यालय ऐन नियम एंव सम्वन्धन सम्बन्धी विनियमावलीको बर्खिलाप रहेको हुदा शिक्षा ऐन, २०२८ को दफा १२ (४) मा संस्थागत विद्यालयको संचालन, रेखदेख, र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाएका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ भनि ऐ. दफा १२(४) को (क) मा विद्यालयको संस्थापक वा लगानिकर्ताहरुमध्येबाट विद्यालयको सिफारिसमा जिल्ला शिक्षा अधिकारीले मनोनित गरेको व्यक्ति विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहने

भनि गरेको व्यवस्था अनुसार हरि खेतान माध्यमिक विद्यालयको दाता परिवारको सदस्यको हैसियतले मिति २०८२/०१/१० मा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ ज (७) बमोजिम विद्यालय व्यबस्थापन समितिको अध्यक्षमा बिरगंज म.न.पा. शैक्षिक प्रशासन महाशाखाबाट तिन वर्षको लागि नियुक्त भएपश्चात विपक्षी निवेदकलाई मिति २०८२/०२/०१ गते अर्को व्यवस्था नहुँदासम्म स्कुलको निमित्त प्रध्यानाध्यापक पदमा रही कार्य गर्न नियुक्त गरेको हुँदा प्रधानाध्यापकको नियुक्ती शिक्षा ऐन, २०२८ को दफा १२(४) बमोजिम भएकोमा निज निवेदकले नियमावली २०५९ को नियम ९३ बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्न पाउने कानून व्यवस्था रहेको र हरि खेतान माध्यमिक विद्यालय तर्फका कुनै पनि शिक्षकले चुनौती नदिएको हुँदा बिद्यालय संचालन गर्न कुनै बाधा व्यवधान सृजना नगर्नु नगराउनु भनी आदेश जारी होस भन्नेए समेत बेहोराको विपक्षी प्रेम प्रकाश खेतानको लिखित जवाफ।

६. हरि खेतान माध्यमिक विद्यालय स्थापनाकाल देखि नै हरि खेतान बहुमुखी क्याम्पसकै अन्तर्गत एकै स्थानमा क्याम्पसकै संचालक समिति र क्याम्पसकै कर्मचारीहरुले संचालन गरि आएको र यसरी क्याम्पसको संचालक समिति र क्याम्पसको कर्मचारीहरुले क्याम्पस र विद्यालय संचालन गर्नु त्रि.वि. ऐन, २०४९, त्रि. वि. संगठन तथा शैक्षिक प्रशासन सम्वन्धी नियम २०५०, त्रि.वि. सम्बन्धन सम्बन्धी बिनियम २०७३ को बर्खिलाप रहेको हुदा क्याम्पसबाट हरि खेतान माध्यमिक विद्यालयको सम्पूर्ण शैक्षिक, ओर्थिक तथा प्रशासनिक कार्य अलग बनाई विद्यालय संचालन गर्नुपर्ने कानुनी बाध्यता भएकोले सम्पूर्ण सरोकारवालासंग छलफल गरी क्याम्पस र विद्यालय अलग गर्न पर्ने निर्णय भएको र क्याम्पसले पनि विद्यालयको सम्पूर्ण शैक्षिक, आर्थिक तथा प्रशासनिक कार्य अलग, गराउन चाहेको हुदा बिपक्षी रिट निवेदकलाइ क्याम्पस हाता भित्र प्रवेश गर्न लगाउन नहुने कार्य गरेको भनी रिट निवेदनमा विपक्षी बनाइएका निमित्त क्याम्पस प्रमुखलाई मौखिक जानकारी गराउदा समेत निजते नमानी क्याम्पसमा कार्यरत सम्पूर्ण कर्मचारीहरुसंग रिट निवेदकलाइ क्याम्पस भित्र रहेको विद्यालय प्रवेश गर्न रोक लगाएको हुदा क्याम्पसको संचालक समितिले निजलाई कारबाही किन नगर्ने भनि स्पस्टिकरण समेत पेश गर्नको लागी पत्र पठाएको सकिएको यस स्थितिमा रिट निवेदकलाई कुनै अवरोध सिर्जना नगरेको र नेपालको संविधानले प्रत्याभूत गरेको कुनै अधिकार हनन् समेत नगरेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेर समेत बेहोराको हरि खेतान बहुमुखी क्याम्पसको अख्तियार प्राप्त सुनिल खेतानको लिखित जवाफ।

## आदेश खण्ड

७. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदन सहितको मिसिल संलग्न कागजातहरु अध्ययन गरी निवेदकको तर्फबाट

उपस्थित विद्वान बरिष्ठ अधिवक्ता द्वय श्री ललित बहादुर बस्नेत, विद्वान बरिष्ठ अधिवक्ता श्री खम्म बहादुर खाती विद्वान अधिवक्ता श्री सुधिर कुमार कर्ण र विद्वान अधिवक्ता श्री अश्विन कुमार प्याकुरेले निवेदकलाई विपक्षीहरुवाट मनोमानी रुपमा जिल्ला पर्सा वीरगन्ज महानगरपालिका स्थित हरि खेतान माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम प्रकाश खेतानले शिक्षा ऐन, २०२८ को दफा १२(४)(क) बमोजिम निवेदकलाई अर्को व्यवस्था नहुँदासम्मका लागि मिति २०८२/०२/०१ गते देखि लागु हुने गरी निमित्त प्रधानाध्यापक पदमा नियुक्त गरीएको कार्य कानुन र विधिसम्मत रहेको। हरि खेतान माध्यामिक विधालय शिक्षा ऐन २०२८ को दफा २(घ३) बमोजिम संस्थापना भएको संस्थागत विधालय नेपालको संविधान, कानुन र वीरगन्ज महानगरपालिका नगरकार्यपालिकाको कार्यालयवाट स्वीकृत शिक्षा नियमावली २०७४ मा भएको व्यवस्था वमोजिम संचालन र रेखदेख भई आएको विधालय रहेकोमा कानुन बमोजिम निवेदिका हरि खेतान माध्यमिक विद्यालयमा हाजिर हुन जाँदा हरि खेतान वहुमुखी क्याम्पसका क्याम्पस प्रमुख किशोरी राय तथा कार्यरत कर्मचारीहरुले आफुलाई सुम्पिएको अधिकारक्षेत्र भन्दा वाहिर गई प्रवेश गर्न रोक लगाई अधिकार प्राप्त कार्य गर्नबाट समेत बन्चित गरेको विपक्षीहरुको उक्त कार्यवाट निवेदकलाई नेपालको संविधान, कानुन र नियमावलीले सुरक्षित गरेको रोजगारीको हक तथा मौलिक हक अधिकार समेतमा आघात पुग्न गएको हुँदा हरि खेतान माध्यमिक विद्यालयको नि. प्रधानाध्यापक भई कार्य गर्न निवेदकलाई नरोक्नु तथा व्यवस्थापन समितिका अध्यक्षले सो स्कुलमा काम गर्ने उचित वातावरण श्रृजना गर्नु गराउनु, निवेदकलाई तोकिएको अनुसारको कार्य गर्न कुनै अवरोध समेत श्रृजना नगर्नु नगराउनु क्याम्पसलाई नियमित गरी क्याम्पस प्रमुखले अधिकारक्षेत्र भन्दा वाहिर गई विद्यालय संचालन गर्ने कार्यमा हस्तक्षेप नगर्नु र निवेदकले पाउने सेवा सुविधावाट वन्चित नगरी तत्काल हाजिर गराउनु भनी विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो। त्यसैगरी विपक्षी त्रिभुवन विश्वविद्यालयको तर्फवाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री नारायण प्रसाद खनालले हरि खेतान वहुमुखी क्याम्पस र हरि खेतान माध्यामिक विधालयको संचालन कार्यविधि समेत फरक रहेको, त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्रास कलेजहरुको सम्बन्धमा त्रि.वि. कार्यकारी परिषदले सम्बन्धन सम्बन्धी विनियम, २०७३ मा सम्बन्धन प्राप्त कलेजहरुले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा ऐन, २०२८ बमोजिम प्राथमिक शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षा सामुदायिक वा संस्थागत विद्यालय रहेको भवनमा विश्वविद्यालयको कुनै पनि शैक्षिक कार्यक्रम संचालन गर्न पाउने व्यवस्था नरहेको र एउटै भवनमा क्याम्पस र विद्यालयको शैक्षिक कार्यक्रम संचालन गर्न समेत नमिल्ने र क्याम्पस र विधालयको अवधारणा नै अलग अलग भएकोले क्याम्पस र विधालयको स्थापनाको लागी छुट्टा

छुटै ऐन तथा नियमावली भई क्याम्पस सम्बन्धित विश्वविधालयको ऐन, नियम निर्देशिका, निर्णय र सम्बन्धित क्याम्पसको विधान, प्रबन्धपत्र तथा नियमावलीद्वारा संचालित हुन्छ भने विधालय शिक्षा ऐन, शिक्षा नियमावली स्थानिय सरकार संचालन ऐन २०७४ मा भएको कानुनी व्यवस्था बमोजिम संचालन हुने हुंदा निवेदन खारेज गरी पांउ भनि गर्नु भएको बहस समेत सुनियो। हरि खेतान बहुमुखी क्याम्पस समेतको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री दिपक राजभण्डारीले हरि खेतान माध्यामिक विधालय सामुदायिक विधालय भएकोले निवेदकलाई गरिएको नियुक्ति कानुन सम्मत नरहेको, प्रेम प्रकाश खेतानलाई हरि खेतान माध्यमिक विद्यालयबाट मिति २०८२/०१/१० मा प.स.०८१/०८२ च.नं.२०५ मा व्यवस्थापन समितिका अध्यक्ष मनोनित गर्न वीरगन्ज महानगरपालिकालाई पत्राचार नगरी शैक्षिक प्रशासन महाशाखा वीरगन्ज म.न.पा. लाई IEMIS प्रणाली डाटा बेसमा विद्यार्थीको विवरण संशोधित गरिदिन उक्त पत्राचार गरिएकोमा उक्त पत्रबाट आफैले आफुलाई बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष मनोनित गर्न वीरगन्ज म.न.पा. को कार्यालयमा सो पत्रदर्ता गरी सोही पत्रको आधारमा बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष भएको भनी गरिएको नियुक्ती गलत भएको र सो गलत कार्यवाट भएका कामकारवाही स्वत गलत नै हुने हुंदा निवेदन माग बमोजिम रिट जारी हुन सक्ने अबस्था नहुंदा रिट निवेदन खारेज गरी पांउ भनी गर्नु भएको बहस समेत सुनियो।

८. यसमा रिट निवेदकले सारभुत रुपमा, म अञ्जली कुमारी श्रेष्ठलाई जिल्ला पर्सा वीरगन्ज महानगरपालिका स्थित हरि खेतान माध्यमिक बिद्यालय ब्यबस्थापन समितिका अध्यक्ष प्रेम प्रकाश खेतानले शिक्षा ऐन, २०२८ को दफा १२(४)(क) बमोजिम म निवेदकलाई अर्को व्यवस्था नहुँदासम्मका लागि मिति २०८२/०२/०१ गते देखि लागु हुने गरी निमित्त प्रधानाध्यापक पदमा नियुक्त गरेपश्चात निवेदक नियुक्ती पत्र सहित हरि खेतान माध्यमिक बिद्यालयमा हाजिर हुन जाँदा हरि खेतान बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख किशोरी राय तथा कार्यरत कर्मचारीहरुले मलाई प्रवेश गर्न रोक लगाई अधिकार प्राप्त कार्य गर्नबाट समेत बन्चित गरेको, विपक्षीहरुको उक्त कार्यबाट म निवेदकको नेपालको संविधानले सुरक्षित गरेको रोजगारीको हक तथा मौलिकहक अधिकार समेतमा आघात पुग्न गएको हुँदा हरि खेतान माध्यमिक बिद्यालयको नि.प्रधानाध्यापक भई कार्य गर्न म निवेदकलाई नरोक्नु तथा व्यवस्थापन समितिका अध्यक्षले सो स्कुलमा काम गर्ने उचित वातावरण श्रृजना गर्नु गराउनु, म निवेदकलाई तोकिएको अनुसारको कार्य गर्न कुनै अवरोध समेत श्रृजना नगर्नु नगराउनु साथै क्याम्पसलाई नियमित गरी क्याम्पसका क्याम्पस प्रमुखले अधिकार क्षेत्रभन्दा बाहिर गई बिद्यालय संचालन गर्ने कार्यमा हस्तक्षेप नगर्नु र म निवेदले पाउने सेवा सुविधाबाट बन्चित नगरी तत्काल हाजिर

गराउनु भनी विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी गरी पाउँ भन्ने समेत बेहोराको मुख्य रिट निवेदन दावी रहेको पाईयो।

९. उपर्युक्त तथ्य रहेको प्रस्तुत रिट निवेदनमा माग बमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने हो वा होइन? भन्ने विषयमा आदेश दिनु पर्ने देखिन आयो।

१०. निर्णयतर्फ विचार गर्दा, कुनै सार्वजनिक निकाय वा पदाधिकारीले कानून बमोजिम आफूलाई तोकिएको दायित्व र जिम्मेवारी (Legal Duty) पूरा नगरेको कारणबाट कसैको कानून प्रदत्त हक अधिकारमा आघात पुगेको अवस्थामा त्यस्तो सार्वजनिक निकाय वा पदाधिकारीलाई कानून बमोजिमको दायित्व पूरा गर्न लगाई व्यक्तिको त्यस्तो कानून प्रदत्त हक अधिकारको प्रचलन गराउन परमादेश जारी हुने सैद्धान्तिक मान्यता रहेको पाइन्छ। प्रस्तुत रिट निवेदनका सन्दर्भमा रिट निवेदक लाई जिल्ला पर्सा वीरगन्ज महानगरपालिका स्थित विपक्षी हरि खेतान माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम प्रकाश खेतानले शिक्षा ऐन, २०२८ को दफा १२(४)(क) बमोजिम अर्को व्यवस्था नहुँदासम्मका लागि मिति २०८२/०२/०१ गते देखि लागु हुने गरी निमित्त प्रधानाध्यापक पदमा नियुक्त गरेपश्चात निवेदक नियुक्ती पत्र सहित विपक्षी हरि खेतान माध्यमिक विद्यालयमा हाजिर हुन जाँदा विपक्षी हरि खेतान बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख किशोरी राय तथा कार्यरत कर्मचारीहरुले प्रवेश गर्न रोक लगाई अधिकार प्राप्त कार्य गर्नबाट समेत बन्चित गरेको कारण प्रस्तुत रिट निवेदन दायर गर्नु परेको भन्ने देखियो।

११. सर्वप्रथम विरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय आदर्शनगर वीरगन्ज पर्साको च.न.६७ मिति २०७६।१।१० को पत्रानुसार हरि खेतान माध्यमिक विद्यालय वीरगन्जले शिक्षा नियमावली २०५९ को नियम ४ बमोजिको पुर्वाधार पुरा गरेको देखिएकोले महानगर शिक्षा समितिको निर्णयानुसार शैक्षिकसत्र २०७६ देखि आधारभुत/माध्यामिक तहको ९ कक्षासम्मको विद्यालय संचालन गर्न अनुमति दिई वोधार्थ श्री शिक्षा विकास तथा समन्वय इकाई पर्सा समेतलाई दिई विधालय संचालन भई आएको भन्ने मिसिल संलग्न कागजातबाट देखिन्छ। सो विधालय संचालन भई आउने क्रममा, जिल्ला पर्सा वीरगन्ज म.न.पा. वडा नं.१० विरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय आदर्शनगर वीरगन्ज पर्साको च.न.२६६० मिति २०७७।८।१६ मा श्री हरि खेतान मा.वि. वीरगन्ज-११, पर्सालाई सम्वोधन गरी त्यस विधालयले कक्षा थप गर्ने सम्वन्धमा यस महानगरपालिकामा दिनु भएको निवेदन उपर कारवाही हुंदा शिक्षा नियमावली, २०५९ को नियम ४ बमोजिमको पुर्वाधारहरु पुरा गरेको देखिएकोले महानगर शिक्षा समितिको निर्णयानुसार तथा यस कार्यालयको मिति २०७७।७।४ को निर्णय अनुसार कक्षा संचालन गरेको नपाईएमा जुनसुकै बखत अनुमति रद्द हुने गरी उक्त विधालयलाई शैक्षिकशत्र २०७७ देखि संस्थागत विधालयको रुपमा माध्यामिक

तहको कक्षा १०(दश) संचालन गर्न अनुमति दिईएको व्यहोरा अनुरोध छ, भनी वोधार्थ श्री नगर प्रमुख ज्यु वीरगन्ज महानगरपालिका-१, श्री प्रमुख प्रशासकिय अधिकृतज्यु नगरकार्यपालिकाको कार्यालय वीरगन्ज महानगरपालिका-१, श्री वीरगन्ज महानगरपालिका वडा नं.११ को कार्यालय वीरगन्ज पर्सा लाई दिईएको रिट निवेदन संलग्न रहेको रेकर्ड फाईलवाट देखिदा हरि खेतान माध्यामिक बिधालय संस्थागत विधालय रहेको भन्ने कुरामा विवाद गर्न पर्ने अवस्था रहेन। वीरगन्ज महानगरपालिका नगरकार्यापालिकाको कार्यालय च.न.८१८२ मिति २०८२।१।१० को पत्रानुसार श्री प्रेम प्रकाश खेतान, हरि खेतान माध्यामिक विधालय वीरगन्ज महानगरपालिका-६, पर्साको विधालय व्यबस्थापन समितिको अध्यक्ष रहेको भन्ने कुरामा पनि विवाद गर्ने ठाउ देखिएन ।वीरगन्ज महानगरपालिका-६, पर्सामा अवस्थित हरि खेतान माध्यामिक विधालयको च.न.२०५, २०८१/०८२ मिति २०८२।१।१० को पत्रानुसार शिक्षा ऐन २०२८ को दफा १२ को ४ तथा महानगर शिक्षा नियमावली २०७४ को दफा २६ वमोजिम अन्यथा नभएसम्म विधालय ब्यबस्थापन समितिको आगामी ३ (तीन) वर्षका लागी निजले कानुनी प्रकृया र कार्यविधि बमोजिम आफ्नो कामकर्तव्य अधीकार प्रयोग गर्न पाउने नै देखियो ।निज प्रेम प्रसाद खेतान हरि खेतान माध्यामिक विधालयको अध्यक्ष रहेको भनी वीरगन्ज महानगरपालिकाका प्रमुख/उपप्रमुख, वीरगन्ज महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत ज्यु, नगरकार्यापालिकाको कार्यालय वीरगन्ज महानगरपालिका र श्री हरि खेतान माध्यामिक बिधालय वीरगन्ज महानगरपालिका वडा नं.६ पर्सालाई वोधार्थ दिईएको पनि मिसिल संलग्न कागजातवाट देखियो।

१२. शिक्षा ऐन, २०२८ को दफा १२ को ४ मा, संस्थागत विधालयको संचालन, रेखदेख र ब्यबस्थापन गर्नका लागी प्रत्येक विधालयमा ऐ. को दफा १२ को उपदफा ४ को देहाय (क) बमोजिम विधालयको संस्थापक वा लगानीकर्ताहरु मध्येवाट विधालयको शिफारिसमा जिल्ला शिक्षा अधिकारीले मनोनित गरेको व्यक्ति अध्यक्ष रहने व्यबस्था रहेको पाईयो। वीरगन्ज महानगपालिका नगरकार्यपालिकाको कार्यालय बाट मिति २०७४।१२।२३ मा स्वीकृत शिक्षा नियमावली, २०७४ को नियम २६ मा संस्थागत विधालयमा देहाय बमोजिमको व्यबस्थापन समिति रहने व्यबस्था गरी ऐ (क) मा विधालयको संस्थापक वा लगानीकर्ता मध्येबाट विधालयको शिफारिस महानगरपालिकाको शिक्षा शाखाले मनोनित गरेको व्यक्ति अध्यक्ष रहने कानुनी ब्यबस्था रहेको पाईयो। वीरगन्ज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय बाट मिति २०७४।१२।२३ मा स्वीकृत शिक्षा नियमावली, २०७४ को नियम ५० को उपनियम १० मा यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत विधालयको व्यबस्थापन समितिले यस नियमावली बमोजिम योग्यता पुगेको व्यक्तिलाई प्रधानाध्यापकको

नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्ने भन्ने नियमावलीको व्यवस्था रहेको छ। प्रस्तुत विवादमा रिट निवेदकलाई विपक्षी हरि खेतान माध्यामिक विधालयको विधालय व्यबस्थापन समितिको अध्यक्ष प्रेम प्रकाश खेतानले मिति २०८२।२।१ मा निमित्त प्रधानाध्यापक पदमा नियुक्ति गरिदिएको देखिन्छ।सो नियुक्ति गरिएको कानुनी प्रक्रिया र कार्यविधिको हकमा र प्रेम प्रकाश खेतान विधालय व्यवस्थापन समितिको अध्यक्ष रहेकोमा तथ्यगत कुरा हालसम्म यथास्थितिमा रहेको देखिन्छ ।सो उपर आधिकारिक निकायमा कुनै उजुर बाजुर गरेको भन्ने मिसिलसंलग्न प्रमाण कागजवाट देखिन आएन ।नेपालको संविधानको धारा २२६ ले गाउँसभा र नगरसभाले अनूसुची ८ र ९ वमोजिमको उल्लेखित विषयमा आवश्यक कानून बनाउन सक्ने अधिकार प्रदान गरे बमोजिम स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को देहाय (ज) मा आधारभूत र माध्यमिक शिक्षाको अनूसुची ८ र क्र.स. ९ मा भएको व्यबस्थाको अधीकार प्रयोग गरी आधारभूत र माध्यमिक शिक्षा सम्वन्धी व्यवस्थापन गर्नका लागि स्थानीय तह विरगंज्ञ महानगरपालिका नगरकार्यपालिकाले शिक्षा सम्बन्धी ऐन नियमावली कार्यपालिकाबाट स्वीकृत गरी कार्यन्वयन गरेको देखियो ।सोही संवैधानिक एवं कानुनी व्यवस्था बमोजिम विपक्षी हरि खेतान माध्यमिक विद्यालय संस्थागत बिद्यालयको रुपमा संचालन भई आएको रहेछ भन्ने देखिन आयो ।

१३. विपक्षी मध्ये श्री हरि खेतान बहुमुखी क्याम्पस र ऐ.का. प्रमुखको लिखित जवाफमा प्रेम प्रकाश खेतानलाई हरि खेतान माध्यमिक विद्यालयबाट मिति २०८२/०१/१० मा प.स.०८१/०८२ च.नं.२०५ मा व्यवस्थापन समितिका अध्यक्ष मनोनित गर्न वीरगन्ज महानगरपालिकालाई पत्राचार नगरी शैक्षिक प्रशासन महाशाखा वीरगन्ज म.न.पा. लाई IEMIS प्रणाली डाटा बेसमा विद्यार्थीको विवरण संशोधित गरिदिन उक्त पत्राचार गरिएकोमा उक्त पत्रबाट आफैले आफुलाई बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष मनोनित गर्न वीरगन्ज म.न.पा. को कार्यालयमा सो पत्रदर्ता गरी सोही पत्रको आधारमा बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष भई मिति २०८२/०२/०१ मा अंजली कुमारी श्रेष्ठलाई कथित निमित्त प्रधानाध्यापकको नाउँको नियुक्तिपत्र दिएको भन्ने बेहोरामा विश्वसनियता देखिन आएन। सो लिखित जवाफमा उल्लेख गरे अनुसार प्रेम प्रसाद खेतानले हरि खेतान माध्यमिक बिद्यालयबाट मिति २०८२/०१/१० मा प.स.०८१/०८२ च.नं.२०५ मा व्यवस्थापन समितिका अध्यक्ष मनोनित गर्न वीरगन्ज महानगरपालिकालाई पत्राचार नगरी शैक्षिक प्रशासन महाशाखा वीरगन्ज म.न.पा. लाई IEMIS प्रणाली डाटा बेसमा विद्यार्थीको विवरण संशोधित गरिदिन उक्त पत्राचार गरिएकोमा उक्त पत्रबाट आफैले आफुलाई बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष मनोनित गर्न वीरगन्ज म.न.पा. को कार्यालयमा सो पत्रदर्ता गरेको भन्ने व्यहोराउल्लेख गरेतापनि सो शैक्षिक प्रशासन महाशाखा

वीरगन्ज म.न.पा. लाई IEMIS प्रणाली डाटा बेसमा विद्यार्थीको विवरण संशोधित गरिदिन उक्त पत्राचार गरेकोमा सो पत्रको दुरुपयोग गरेकोमा सो बदर गर्न आवश्यक कानुनी प्रक्रिया थालनी गरेको भनी लिखित जवाफमा उल्लेख गर्न सकेको पनि देखिएन। विधालयको अध्यक्ष नियुक्ति हुनाको लागी विधालयको संस्थापक वा लगानीकर्ता मध्येवाट विधालयको शिफारिसमा महानगरपालिकाको शिक्षा शाखाले मनोनित गरेको व्यक्ति अध्यक्ष रहने कानुनी व्यवस्था वमोजिम सो हरि खेतान माध्यामिक विधालयको शिफारिसमा प्रेम प्रसाद खेतान वीरगन्ज महानगरपालिकाबाट मिति २०८२/०१/१० मा प.स.०८१/०८२ च.नं.२०५को पत्रवाट हरि खेतान माध्यामिक विधालयको विधालय व्यवस्थापन समितिको अध्यक्ष नियुक्ति भएको भन्ने कुरा मिसिल संलग्न कागजातवाट देखियो ।कुनै अदालत वा सरकारी कार्यालयमा कानुनले राख्नुपर्ने स्याहा,श्रेस्ता वा कागजपत्रमा उल्लेखित गरिएको कुराहरु सही रुपमा उल्लेख गरिएका हुन भनी अदालतले अनुमान गर्नेछ भन्ने कानुनी ब्यबस्था बमोजिम अन्यथा प्रमाणित नभएसम्म सो कागजपत्रलाई प्रमाण ऐन २०३१ को दफा ६(ग) बमोजिम अन्यथा भन्न सकिने अवस्था पनि देखिएन ।

१४. त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त कलेजहरुको सम्बन्धमा त्रि.वि.वि. कार्यकारी परिषदले सम्बन्धन सम्बन्धी विनियम, २०७३ मा सम्वन्धन प्राप्त कलेजहरुले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा ऐन, २०२८ बमोजिम प्राथमिक शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षा सामुदायिक वा संस्थागत विद्यालय रहेको भवनमा विश्वविद्यालयको कुनै पनि शैक्षिक कार्यक्रम संचालन गर्न पाउने व्यवस्था नरहेको र एउटै भवनमा क्याम्पस र विद्यालयको शैक्षिक कार्यक्रम संचालन गर्न समेत नमिल्ने र क्याम्पस र विधालयको अबधारणा नै अलग अलग भएकोले क्याम्पस र विधालय स्थापनाको लागी छुट्टा छुटै ऐन तथा नियमावली भई क्याम्पसको सम्बन्धन विश्वविधालयको ऐन, नियम निर्देशिका, निर्णय र सम्बन्धित क्याम्पसको विधान, प्रबन्धपत्र तथा नियमावलीद्वारा संचालित हुने र माध्यमिक बिधालय शिक्षा ऐन, शिक्षा नियमावली र स्थानिय सरकार संचालन ऐन,२०७४ मा व्यबस्थित कानुन समेतवाट संचालन हुने कानुनी व्यवस्था रहेको र क्याम्पस प्रमुख र विधालयको प्रधानाध्यापक समेत फरक फरक व्यक्ति रहनुपर्ने, कानुनी हैसियत समेत भिन्न रहेको, क्याम्पसको क्याम्पस प्रमुख विद्यालयको प्राधानाध्यापक हुन समेत नमिल्ने भन्ने बेहोरा त्रिभुवन विश्वबिद्यालय, ऐ. को. उपकुलपति, ऐ. को. कार्यकारि परिषद र ऐ. को. रजिष्ट्रारको लिखित जवाफबाट समेत देखिदा निवेदकलाई मिति २०८२/०२/०१ गते देखि लागु हुने गरी निमित्त प्रधानाध्यापक पदमा नियुक्त दिएपश्चात निवेदक नियुक्ती पत्र सहित बिधालयमा हाजिर हुन जाँदा विपक्षी हरि खेतान बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख समेतले आफ्नो कानुनी कर्तब्य (Legal duty)वाट विमुख

भई क्याम्पस प्रवेश गर्न रोक लगाई हाजिर हुन नदिई अख्तियारी बमोजिमको कार्य गर्नबाट समेत बन्चित गर्ने कार्यबाट निवेदकको नेपालको संविधानले सुरक्षित गरेको रोजगारीको हक तथा मौलिकहक अधिकार समेतमा आघात पुग्न गएको देखिदा रिट निवेदक अञ्जली कुमारी श्रेष्ठलाई विपक्षी श्रीहरि खेतान माध्यमिक बिद्यालयको नि. प्रधानाध्यापक भई कार्य गर्न दिनु, व्यवस्थापन समितिका अध्यक्षले सो विधालयमा अन्य व्यबस्था नभएसम्म निवेदकलाई नियुक्ति पत्रमा उल्लेखित काम गर्ने उचित वातावरण श्रृजना गर्नु गराउनु, आफ्नो अधिकारक्षेत्र भित्र रही कार्य गर्नु, कानुन बमोजिम गर्नुपर्ने कर्तव्य पुरा गर्नु भनी विपक्षीका नाउमा निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने देखियो।

१५. माथि विवेचित आधार र कारण समेतबाट निवेदकलाई विपक्षी हरिखेतान माध्यमिक बिद्यालयको व्यवस्थापन समितिका अध्यक्षबाट अर्को व्यवस्था नहुँदासम्म निमित्त प्रधानाध्यापक पदमा रही कार्य गर्न मिति २०८२/०२/०१ मा नियुक्ती गरिएकोमा सो वमोजिम पदिय हैसियतले काम कारवाही गर्न विपक्षी किशोरी राय र कर्मचारीहरुले रोक लगाएकोले निवेदकलाई निमित्त प्रधानाध्यापकको हैसियतले कार्य गर्न हस्तक्षेप नगर्नु नगराउनु भनी परमादेशको आदेश माग गरी आएको देखिदा विपक्षी हरि खेतान माध्यमिक विद्यालय संस्थागत विद्यालय भएको देखिएको, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को देहाय (ज) मा आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था भएको, नेपालको संविधानको धारा २२६ ले गाउँसभा र नगरसभाले अनूसुची ८ र ९ बमोजिमको उल्लेखित विषयमा आवश्यक कानून बनाउन सक्ने अधिकार प्रदान गरे बमोजिम अनूसुची ८ क्र.स. ८ मा भएको आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी व्यवस्थापन गर्नका लागि स्थानीय तहलाई शिक्षा सम्बन्धी ऐन नियमावली कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्न सक्ने अधिकार प्राप्त गरेको र वीरगन्ज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय पर्साबाट मिति २०७४/१२/२३ मा शिक्षा नियमावली, २०७४ प्रमाणिकरण भई लागु भएको देखिएको र वीरगन्ज महानगरपालिकाको नगरकार्यपालिकाबाट मिति २०७४/१२/२३ मा प्रकाशित प्रमाणिकरण भएको शिक्षा नियमावली, २०७४ को परिच्छेद ९ नियम ५० को उपनियम १० मा यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत बिद्यालयको व्यवस्थापन समितिले यस नियमावली बमोजिम योग्यता पुगेको व्यक्तिलाई प्रधानाध्यापकको नियुक्ती गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्त गर्न सक्ने छ भन्ने कानूनी व्यवस्था रहेको र सो बमोजिम हरि खेतान माध्यमिक बिद्यालयका बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम प्रकाश खेतानले रिट निवेदक अन्जली कुमारी श्रेष्ठलाई अर्को व्यवस्था नभएसम्मको लागि प्रधानाध्यापकले गर्ने सम्पूर्ण काम कारवाही गर्न गराउन मिति २०८२/०२/०१ मा निमित्त प्रधानाध्यापकको जिम्मेवारी तोकिएको देखिएको,

जिम्मेवारीको पदावधी समेत नतोकी अर्को व्यवस्था नगरिएसम्मको लागि मात्र निमित्त प्रधानाध्यापक तोकिएको अवस्थामा तोकिएको काम कारवाही गर्न नपाउदा सो विद्यालयमा अध्ययनरत विद्यार्थीको पठन पाठन कार्यमा समेत हनन हुन जाने देखिदा रिट निवेदकलाई विपक्षी हरि खेतान माध्यमिक विद्यालयल वीरगन्जको मिति २०८२/०२/०१ को नियुक्ती बमोजिम कार्य गर्न गराउन समेत हाजिर गराउनू भनी विपक्षी हरि खेतान बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख समेतका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

- माथि आदेश खण्डमा लेखिए बमोजिम विपक्षी हरि खेतान बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख समेतका नाउमा परमादेशको आदेश जारी हुने ठहरी फैसला भएकोले आदेशको प्रतिलिपी सहितको जानकारी विपक्षीहरुलाई दिनू.....................................................१
- सरोकारवाला नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनु...................................२
- आदेशको विद्युतीय प्रति विद्युतीय प्रणालीमा अपलोड गर्नू र प्रस्तुत निवेदनको दायरीबाट लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनु.........................३

हरिप्रसाद पौडेल
न्यायाधीश

उक्त रायमा सहमत छु।

हरिराज कार्की
न्यायाधीश

<u>फैसला तयार गर्न सहयोग गर्नेः</u>

इजलास अधिकृतः- गणेश दत्त जोशी

क.अ.- देवेन्द्र पटेल

ईति सम्वत् २०८२ साल मंसिर महिना २९ गते २ रोज शुभम्.......................................।

प्रमाणिकरण मिति:- २०८२/९/१६/५ अदालतको छाप